# परमेश्वरलाई कसरी चिन्न सकिन्छ

# एक मात्र सत्य परमेश्वर हुनुहुन्छ

परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण मनले, आफ्नो सम्पूर्ण प्राणले र आफ्नो सम्पूर्ण शक्तिले प्रेम गर ।

*- व्यवस्था ६:४ ब -५*

स्वर्ग सृजने परमप्रभु यसो भन्नुहुन्छ, जसले पृथ्वी रच्नुभयो र बनाउनुभयो । उहाँले त्यो स्थिर गर्नुभयो, उहाँले त्यो व्यर्थको वस्तु सृष्टि गर्नुभएन, उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो । "म परमप्रभू हुँ, म बाहेक अरु कोही छैन ।" *- यशैया ४५:१८*

उहाँ मात्रै परमप्रभु परमेश्वर हुनुहुन्छ भन्ने पृथ्वीका मानिसहरुले जान्नेछन् ।

*- १ राजा ८:६०*

म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो । मेरो महिमा म अरुलाई दिनेछैन, मेरो स्तुति ढालेर बनाएका मूर्तिहरुलाई म दिनेछैन ।

*- यशैया ४२:८*

परमप्रभु भन्नुहुन्छ, "तिमीहरु मेरा साक्षी र मैले चुनेका दास हौ । तिमीहरुले मलाई जान्न र विश्वास गर्न सक र म उही हूँ भनी बुझ्न सक । मेरो अघि कोही परमेश्वर थिएन, नता मेरो पछि कोही हुनेछ । म अवश्य म नै परमप्रभु हूँ । म बाहेक अरु कोही उद्धार गर्नेछैन। *- यशैया ४३ १०, ११*

हे पृथ्वीका सबै टाढा टाढाका हो, मतिर हेर र उद्धार पाऊ, किनकि म परमेश्वर हुँ, औ अरु कोही छैन । *- यशैया ४५:२२*

# परमेश्वर दयालु र अनुग्रही हुनुहुन्छ

परमप्रभु दयासागर र अनुग्रही, रीस गर्नमा ढीला र अति करूणामय हुनुहुन्छ । किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ । उहाँसँग डराउनेहरूमाथि उहाँको कृपा त्यत्तिकै ठूलो हुन्छ । *– भजनसंग्रह १०३:८, ११*

तर परमप्रभुको कृपा भने उहाँको भय मान्नेहरूमाथि युगानुयुगसम्म रहन्छ र जस–जसले उहाँका आदेशहरू स्मरण गरेर त्यही बमोजिम चल्छन् । *– भ.स.१०३:१७ क, १८ ख*

तपाई जस्तो परमेश्वर को छ, जसले अधर्म क्षमा गर्नुहुन्छ किनकि उहाँ दया गर्न रुचाउनुहुन्छ । *– मीका ७:१८*

परमप्रभुको दृढ प्रेम कहिल्यै थामिँदैन, उहाँको कृपाको अन्त कहिल्यै हुँदैन । हरेक बिहान ती नयाँ–नयाँ हुन्छन् । तपाईको विश्वस्तता महान् छ । *– विलाप ३:२२–२३*

दुःख दिनुभए तापनि आफ्नो दृढ प्रेमको परिपूर्णताअनुसार उहाँले करुणा देखाउनु हुनेछ । *– विलाप ३:३२*

परमप्रभुलाई धन्यवाद दिनु असल कुरो हो, किनभने उहाँको प्रेम सदा सर्वदा रहिरहन्छ । *– १ इतिहास १६:३४*

# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ

परमप्रभु मकहाँ यसो भन्दै देखा पर्नुभयो, अनन्त प्रेमले मैले तँलाई प्रेम गरेको छु । यसैकारण तँप्रति मैले मेरो विश्वासयोग्यता कायम राखेको छु ।

*– यर्मिया ३१:१*

किनभने परमप्रभु भन्नुहुन्छ, जुन उपायहरू मैले तिमीहरूका निम्ति गरेको छु, ती म जान्दछु । ती तिमीहरूका भलाइको निम्ति हुन्, बुराइको निम्ति होइन । तिमीहरूलाई भविष्य सुधार्न र एउटा आशा दिनलाई हो ।

*– यर्मिया २९:११*

"मैले तिमीहरूलाई प्रेम गरें" परमप्रभु भन्नुहुन्छ ।

*– मलाकी १:२ क*

जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठाउँछन्, त्यसरी नै उहाँसँग डराउनेहरूलाई परमप्रभुले टिठाउनुहुन्छ ।

*–भजनसंग्रह १०३:१३*

हेर्नुहोस्, मेरो भीषण कष्ट मेरो कल्याणको निम्ति नै थियो, तर तपाईंले मेरो आत्मालाई प्रेम गरेर विनाशको खाडलबाट छुटकारा दिनुभयो । किनभने तपाईंले मेरा सारा पाप आफ्नै पिठ्यूँपछि फाल्नुभयो ।

*– यशैया ३८:१७*

यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्दछौं । हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।

*– १ यूहन्ना ४:१६ क, १९*

# परमेश्वरलाई चिन्नु नै उत्तम कुरा हो

तर आफ्ना परमेश्वरतिर विश्वासी मानिसहरू दृढ बसेर तिनीसित लडाइँ गर्नेछन् ।

*– दानियल ११:३२ ख*

तर जसले घण्मड गर्छ त्यसले यसो भनेर घमण्ड गरोस्, "म परमप्रभुलाई बुझ्दछु, चिन्दछु र उहाँ नै परमप्रभु हुनुहुन्छ जसले पृथ्वीमा दया, इन्साफ र धार्मिकताको व्यवहार गर्नुहुन्छ । किनभने यिनै कुरामा म प्रसन्न हुन्छु", परमप्रभु भन्नुहुन्छ । *– यर्मिया ९:२४*

तिनीहरू धन्यका हुन्, जसले उहाँका साक्षी-वचन पालन गर्दछन्, जसले उहाँलाई पूरा हृदयले खोज्दछन् । *–भजनसंग्रह ११९:२*

मैले तिमीहरूका अघि जीवन र मृत्यु, आशिष र सराप राखेको छु । यसकारण जीवन नै रोज र तिमीहरू अनि तिमीहरूका भावी पुस्ता जिउनेछौ । परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो । किनकि यसो गर्नु नै तिमीहरूका निम्ति जीवन हो र तिमीहरू दिर्घायु हुनेछौ ।

*– व्यवस्था ३०:१९ ख, 20 क*

किनभने म बलिदान होइन तर अटल प्रेम चाहन्छु र होमबलिभन्दा परमेश्वरलाई चिन्ने ज्ञान बढ्ता चाहन्छु । *– होसे ६:६*

# परमेश्वरमा भर नपरी जिउनु दुर्भाग्यको कुरा हो

"जब तिमीहरू परमप्रभुसँग हुन्छौ तब उहाँ पनि तिमीहरूसँग हुनुहुनेछ । तिमीहरूले उहाँलाई त्याग्यौ भने उहाँले पनि तिमीहरूलाई त्याग्नुहुनेछ ।" *– २ इतिहास १५:२ ख*

स्वर्गदूतले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो र न्यायको दिनसम्मको निम्ति पातालको अन्धकारमा जकडिराख्नुभयो । यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकडिराख्न प्रभु जान्नुहुन्छ । *– २ पत्रुस २:४, ९*

तर यदि तिमीहरूले परमप्रभुको आज्ञा पालन गरेनौ र तिमीहरू उहाँका आज्ञाप्रति बागी भयौ भने उहाँ पनि तिमीहरूका विरुद्धमा खडा हुनुहुनेछ । *– १ शमूएल १२:१५ क*

कोही मानिस ममा रहेन भने, त्यो हाँगा झैं बाहिर मिल्काइन्छ र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन् र आगोमा फालिदिन्छन् र ती जलिहाल्छन् । *– यूहन्ना १५:६*

अपराधीहरू चाहिँ सबै सँगसँगै नाश हुनेछन्, दुष्टको आखिर अवस्था सर्वनाशको हुनेछ ।
*–भजनसंग्रह ३७:३८*

# परमेश्वरलाई चिन्न उहाँलाई खोज्नुपर्छ

जब तिमीहरूले आफ्नो हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।

*– यर्मिया २९:१३*

यदि तैंले त्यसलाई चाँदीझैं खोजिस् र गाडधनझैं त्यो खनिस् भने, तैंले परमप्रभुको भय बुझ्नेछस् र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस् ।

*– हितोपदेश २:४, ५*

विश्वासबिना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ त्यसले विश्वास गर्नुपर्छ कि परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ ।

*– हिब्रू ११:६*

मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु, मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन् ।

*– हितोपदेश ८:१७*

उहाँले एकजनाबाट समस्त पृथ्वीमा बास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो । तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो । तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो । तर पनि उहाँ हामी हरेकबाट टाढा हुनुहुन्न ।

*– प्रेरित १७:२६ क, २७*

# परमेश्वरले हामीहरूलाई उहाँकहाँ आएको चाहनुहुन्छ

परमप्रभु तिमीहरूका परमेश्वर दयालु र करुणामय हुनुहुन्छ । तिमीहरू उहाँतर्फ फर्क्यौ भने उहाँ पनि तिमीहरूबाट फर्कनुहुनेछैन ।

*- २ इतिहास ३०:९ ख*

परमेश्वरको नजीक आओ र उहाँ तिमीहरूका नजीक आउनुहुनेछ । *- याकूब ४:८ क*

उहाँमा पुकारा गर्ने सबैका नजीक परमप्रभु हुनुहुन्छ, उहाँलाई साँचोसित पुकार्ने सबैका नजीक । *- भजनसंग्रह १४५:१८*

परमप्रभु भन्नुहुन्छ, "आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं । तिमीहरूका पाप सिन्दूरे रङ्का भए तापनि, ती हिउँजस्तै सेता हुनेछन् । गाढा राता रङ्का भए तापनि, ती ऊन जस्तै हुनेछन् ।"

*- यशैया १:१८*

हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरा जुवा आफूमाथि लेओ र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु । अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।

*- मत्ती ११:२८, २९*

हे सबै तिर्खाउने हो, पानीनेर आऊ, औ रुपियाँ नहुने पनि आऊ र किनेर खाऊ । आऊ, बिनापैसा र बिनादाम दाखमद्य र दूध किन ।

*- यशैया ५५:१*

# परमेश्वर पवित्र हुनुहुन्छ

हे परमप्रभु पवित्रतामा अति महान् ...तपाईंझैं को छ र ? *– प्रस्थान १५:११*

तपाईंबाहेक पवित्र अरु कोही छैन, परमप्रभु जस्तै अरु कोही छैन । *– १ शमूएल २:२ क*

अनि एउटाले अर्कोलाई यसो भन्दै तिनीहरू कराउँदथिए, "सेनाहरूका परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ ।" *– यशैया ६:३ ख*

सनातनदेखि सनातनसम्म विराजमान हुनुहुने उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्तछु ।

*– यशैया ५७:१५ क*

हे परमप्रभु तपाईंको डर कसले मान्दैन ? र तपाईंको नाउँको महिमा कसले गर्दैन ? किनकि तपाई मात्र पवित्र हुनुहुन्छ । *– प्रकाश १५:४ क*

तिनीहरूले तपाईंको महान् र भयानक नाउँको प्रशंसा गरुन् । उहाँ पवित्र हुनुहुन्छ ।

*– भजनसंग्रह ९९:३*

परमप्रभु हाम्रा परमेश्वरलाई सर्वोच्च बनाओ, किनकि परमप्रभु हाम्रा परमेश्वर पवित्र हुनुहुन्छ ।

*– भजनसंग्रह ९९:९*

पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ ।

*– प्रकाश ४:८ ख*

# परमेश्वरका जनहरूले पवित्र जीवन जिउनुपर्दछ

तिमीहरू विश्वास गर्दछौ, कि परमेश्वर एउटै हुनुहुन्छ, त्यो असल हो भूतात्माहरूले पनि विश्वास गर्छन् र थरथर काम्छन् । मूर्ख हो, कामबाट अलग भएको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ ? तर वचन पालन गर्ने होओ र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ ।

*– याकूब २:१९, २०, १:२२*

उहाँलाई चिन्छु भन्ने तर उहाँको आज्ञापालन नगर्ने चाहिँ झूट्टा हो र त्यसमा सत्य हुँदैन । परमेश्वरको सन्तान को हो र शैतानको सन्तान को हो, यसैबाट प्रष्ट हुन्छ–ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन र त्यो व्यक्ति पनि हो इन जसले आफ्नो दाजु भाइलाई प्रेम गर्दैन ।

*– १ यूहन्ना २:४,३:१०*

सबै जनासँग मेल–मिलापमा बस र पवित्रताको पछि, लाग, जसबाहेक कुनै मानिसले प्रभुलाई देख्नेछैन । *– हिब्रू १२:१४*

तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ । *– १ पत्रुस १:१५*

भलाइको खोजी गर, बुराइको होइन र तिमीहरू जीवित रहौला ...परमप्रभु परमेश्वर तिमीहरूसँग रहनुहुनेछ । *– आमोस ५:१४ क*

उहाँको पवित्र स्थानमा को उभिन पाउला ? त्यही जसको हात निष्कलंक र जसको हृदय निर्मल छ । *– भजनसंग्रह २४:३,४ क*

# परमेश्वरले आज्ञा गर्नुभएका कुराहरू

परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, कि न्याय गर्नू, दया गर्नू र तेरा परमेश्वरसित नम्र भएर हिँड्नू ।

*– मीका ६:८ ख*

"तिमीहरू पवित्र होओ, किनभने म परमप्रभु, तिमीहरूको परमेश्वर पवित्र छु ।

*– लेवी १९:२ ख*

तैँले परमप्रभु, आफ्नो परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर् र आफ्नो छिमेकीलाई आफैँलाई झैँ प्रेम गर् ।

*– लूका १०:२७ ख*

तिमी आज्ञाहरू त जान्दछौ अर्थात् हत्या नगर्नू, व्यभिचार नगर्नू, झूटा गवाही नदिनू, नठग्नू, आफ्ना बाबु र आमालाई आदर गर्नू ।

*– मर्कूस १०:१९*

यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ ।

*– रोमी १२:२ क*

व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैँले दिन-रात ध्यान गर्नू, अनि त्यसमा लेखिएका सबै कुरो होसियारीसाथ पालन गर्नू र मात्र तेरा सबै मार्गहरूमा उन्नति गर्नेछस् र सफलता पाउनेछस् ।

*– यहोशू १:८*

# परमेश्वरले घृणा गर्ने कुराहरू

छ वटा कुरालाई परमप्रभु घृणा गर्नुहुन्छ, सातवटा कुरादेखि उहाँ घिनाउनुहुन्छ - अहंकारी आँखा, झूटो बोल्ने जिब्रो, निर्दोष रगत बगाउने हात, खराबी चिताउने मन र दुष्ट काम गर्न अग्रसर हुने खुट्टा, धेरै असत्य बोल्ने, झूटा गवाही र दाजु-भाइहरूका बीचमा झगडा उठाउने मानिस ।

*- हितोपदेश ६:१६-१९*

किनभने म, परमप्रभुचाहिँ न्यायलाई प्रेम गर्दछु, अन्यायको लूट मलाई घिन लाग्छ ।

*- यशैया ६१:८ क*

तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूट बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । यो दोस्रो मृत्यु हो ।

*- प्रकाश २१:८*

यसैले तिमीहरू आफ्नो आत्माको विषयमा सचेत रहो र कसैले आफ्नो जवानीपनको स्वास्नीलाई धोका नदेओस् । किनभने स्वास्नीलाई त्याग्ने कुरालाई म घिन गर्दछु, परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ ।

*- मलाकी २:१५, १६ क*

तिमीहरू आफ्नो छिमेकीको विरुद्धमा खराब कल्पना नगर र झूटा शपथ नरुचाऊ, किनकि यी सबै कुरालाई म घिन गर्दछु, परमप्रभु भन्नुहुन्छ ।

*- जकरिया ८:१७*

# परमेश्वरले चाहनुहुने कुन कुन कुराहरूमा मानिसहरू चुक्छन् ?

तर परमेश्वरको प्रेम तिमीहरूमा छैन भनी म जान्दछु । *- यूहन्ना ५:४२*

किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । *- याकूब २:१०*

तब मैले भनें हाय ! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, औ अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, किनकि मैले मेरो आँखाले सेनाहरूका परमप्रभु महाराजाधिराजलाई देखें । *- यशैया ६:५*

यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन, त्यसले पाप गर्छ । *- याकूब ४:१७*

जसो लेखिएको छ, "धर्मी कोही छैन, एकजना पनि छैन ।" *- रोमी ३:१०*

किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । *- रोमी ३:२३*

उचित काम नगर्ने र आफ्नो भाइलाई प्रेम नगर्ने हरेक परमेश्वरबाटको हुँदैन । *- १ यूहन्ना ३:१० ख*

# हामीहरूका असल कामहरूले परमेश्वरलाई खुशी तुल्याउन सक्दैनौं

म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश ज्ञान अनुसार छैन । किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन् । *– रोमी १०:२, ३*

किनकि हामी सबै अशुद्ध मानिसहरू भैं भएका छौं र हाम्रा धर्मकर्म फोहोर लुगाभैं छन् । *– यशैया ६४:६ क*

हुनसक्छ, मैंले त्यस धर्मी मानिसलाई 'तँ निश्चय नै बाँच्नेछस् भनि भन्दा त्यसले आफ्नो धार्मिकतामा भर परेर अपराध गर्ला, तब ता त्यसको कुनै पनि धार्मिकताको कामको सम्भना हुनेछैन । त्यसले गरेको अपराधको कारण त्यो मर्नेछ । *– इजकिएल ३३:१३*

पाप स्वभावमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् । *– रोमी ८:८*

यसकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा निर्दोष ठहरिनेछैन । *– रोमी ३:२० क*

# पापले हामीहरूलाई परमेश्वरबाट अलग गराउँछ

एउटा मानिसद्वारा संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।

*- रोमी ५:१२*

तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ । अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ । *- याकूब १:१५*

तर तिमीहरूका अधर्मले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग गरेका छन् र तिमीहरूका पापले गर्दा उहाँको मुख तिमीहरू देखि छेलिएको छ र उहाँले तिमीहरूको कुरा सुन्नुहुन्न । *- यशैया ५९:२*

धार्मिकतामा लाग्ने मानिसले जीवन पाउँछ, तर दुष्टताको पछि लाग्ने मानिस मृत्युमा पर्छ ।

*- हितोपदेश ११:१९*

"परमप्रभु यो भन्नुहुन्छ - तिमीहरू किन परमप्रभुका आज्ञा उल्लङ्घन गरेर आफूमाथि नाश ल्याउँछौ ? तिमीहरूले परमप्रभुलाई त्यागेको कारण उहाँले पनि तिमीहरूलाई त्याग्नुभएको छ ।" *- इतिहास २४:२० ख*

उहाँको आज्ञा उल्लङ्घन गर्नु मंत्र-तंत्रको पाप जस्तै हो, हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो तपाईले परमप्रभुको वचनलाई त्याग्नुभयो, यसैले परमप्रभुले पनि तपाईलाई त्याग्नुभएको छ । *- १ शमूएल १५:२३ क*

# पापमाथि परमेश्वरको क्रोध रहन्छ

परमेश्वर निष्पक्ष न्यायाधीश हुनुहुन्छ, औ यस्ता परमेश्वर, जो प्रतिदिन क्रोधी हुनुहुन्छ ।

*– भजनसंग्रह ७:११*

परमप्रभु रीस गर्नमा धीरजी हुनुहुन्छ । उहाँ अत्यन्त शक्तिमान् हुनुहुन्छ, औ दोषीलाई कुनै किसिमले निर्दोष ठहराउनुहुन्न ।

*– नहूम १:३ क*

परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई अधर्मले दबाइराखे को छन् ।

*– रोमी १:१८*

तिनीहरू सबै किसिमका बदमासी, दुष्टता, लोभ, इबीले भरिएका छन् । तिनीहरू डाह, हत्या, झैझगडा, छल, बदख्वाइँले भरिएका हुन्छन् र तिनीहरू कुराउटे र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, बाबु–आमाको आज्ञापालन नगर्ने, मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन् । यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन् ।

*– रोमी १:२९–३२*

खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद आइपर्नेछ ।

*– रोमी २:९ क*

# न्यायको दिन नजीकै छ

जसरी मानिसको निम्ति एक खेप मर्नु निश्चित छ र त्यसपछि इन्साफ । *– हिब्रू ९:२७ ख*

मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें र पुस्तकहरू खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो जो जीवनको पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका कुरा मुताबिक, तिनीहरूका काम अनुसार मृतकहरूको इन्साफ भयो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्निकुण्डमा फालियो । *– प्रकाश २०:१२,१५*

जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरा हो । *– हिब्रू १०:३१*

म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ । *– मत्ती १२:३६*

युगको अन्त्यमा यस्तै हुनेछ, स्वर्गदूतहरूले आएर दुष्टहरूलाई धर्मीहरूका बीचबाट छुट्टाउनेछन् र उनीहरूलाई आगोको भुमरीमा फालिदिनेछन् । त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।

*– मत्ती १३:४९, ५०*

किनभने हामीले गरेको काम, असल होस् वा खराब होस्, हरेक गुप्त कुराको न्याय परमेश्वरले गर्नुहुनेछ । *– उपदेशक १२:१४*

# हामीहरू परमेश्वरबाट लुक्न सक्दैनौं

परमप्रभुको नजर दुष्ट र असल दुवैलाई हेर्दै सर्वत्र रहन्छ । *– हितोपदेश १५:३*

हे परमप्रभु तपाईंले मलाई जाँचेर चिन्नुभएको छ । तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, तपाईंले टाढैबाट मेरो विचार बुझ्नुहुन्छ । तपाईंले मेरो चाल र मेरो सुताइ ठीक ठीक गरेर जाँच गरी चिन्नुहुन्छ र मेरो सबै चालचलनको भेद थाहा पाउनुहुन्छ । किनकि मेरो जिब्रोमा कुनै कुरा आउन अघिनै, हे परमप्रभु तपाईंले त्यो जान्नुहुन्छ ।

*– भजनसंग्रह १३९:१–४*

परमप्रभुले मानिसहरूले झैं हेर्दैनन् । मानिसले रुप हेरीकन विचार गर्छ, तर परमप्रभुले हृदय हेरीकन विचार गर्छन् । *– १ शमूएल १६:७ ख*

के कान दिनेले सुन्नुहुन्न र ? के आँखा सृजनेले देख्नुहुन्न र ? *– भजनसंग्रह ९४:९*

किनभने तिनीहरूका सबै चालमा मेरो दृष्टि पुगेको छ । ती मदेखि लुकिएका छैनन् । तिनीहरूको अधर्म मेरो दृष्टिबाट छिपेको छैन ।

*– यर्मिया १६:१७*

परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा छिपेको हुँदैन । उहाँको नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ । *– हिब्रू ४:१३*

कुनै यस्तो अँध्यारो, घोर अँध्यारो स्थान छैन, जहाँ दुष्टहरू उहाँदेखि लुक्नसक्छन् ।

*– अय्यूब ३४:२२*

# पापबाट फर्कनु आवश्यक छ

परमप्रभु परमेश्वर भन्नुहुन्छ, "के दुष्टको मृत्युमा म खुशी हुन्छु र ? के आफ्नो चाला छोडेर त्यो बाँचेको म चाहन्न र ?" *– इजकिएल १८:२३*

म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ । *– लूका १३:३*

तापनि परमप्रभु भन्नुहुन्छ, "अहिले पनि तिमीहरू आफ्ना सम्पूर्ण हृदयले, उपवास बसेर रुँदै र विलाप गर्दै मतिर फर्क, औ आफ्नो लुगा होइन, तर आफ्नो हृदय फटाएर परमप्रभु आफ्ना परमेश्वरतिर फर्क, किनभने उहाँ अनुग्रही, दयामा भरपूर, रीस गर्नमा धीरजी र कृपामा भरिपूर्ण हुनुहुन्छ । *– योएल २:१२,१३ क*

तिमीहरूका आफ्नो कुरा लिएर परमप्रभुतिर फर्क । उहाँलाई भन, "सबै अधर्म दूर गरेर जे असल छ त्यही ग्रहण गर्नुहोस् ।" *– होशे १४:२ क*

"पश्चाताप गर र आफ्नो सबै अधर्महरू देखि फर्क, नत्रता अधर्म तिमीहरूको नाशको कारण हुनेछ ।" *– इज.१८:३० ख*

तिम्रा दोषहरू लुकायौ भने तिम्रो उन्नति हुँदैन, तर स्वीकार गरेर ती छोड्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ । *– हितो. २८:१३*

मैले पाप गरेको छु, मैले ठीक गरेको छैन तर परमेश्वरले मलाई बचाउनु भयो, उहाँले मलाई मृत्युमा पर्नदेखि जोगाउनुभयो र अझै जीवितै छु, भनी त्यसले खुल्लमखुल्ला भन्नेछु । *– अय्यूब ३३:२७,२८*

# पश्चातापले क्षमा ल्याउँछ

जबसम्म परमप्रभुलाई पाउनसक्छौ उहाँलाई खोज । उहाँ नजीक हुनुहुँदा नै उहाँलाई पुकार । दुष्टहरूले आफ्नो बाटो र अधर्मीहरूले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले त्यसलाई प्रशस्त गरी क्षमा गर्नुहुनेछ । *– यशैया ५५:६,७*

टुटेका हृदय भएकाहरू सबैको नजीक परमप्रभु हुनुहुन्छ र पश्चातापी मन हुनेहरूलाई उहाँले बचाउनुहुनछ । *– भजनसंग्रह ३४:१८*

तिनीहरू हरेकले आफ्ना दुष्ट चाल छोड्लान् र म तिनीहरूका .पाप क्षमा गरुँला ।

*– यर्मिया ३६:३ ख*

मैले आफ्नो पाप तपाईंमा प्रकट गरें र मेरो अधर्म मैले लुकाएको छैन् । मैले भने, "म आफ्ना अपराध परमप्रभुको सामने स्वीकार गर्नेछु," र तपाईंले मेरो पापको अधर्म क्षमा गर्नुभयो ।

*– भजनसंग्रह ३२:५*

यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । *– १ यूहन्ना १:९*

यसकारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस् कि तपाईंहरूका पाप मेटिऊन् । *– प्रेरित ३:१९ क*

*(पश्चातापको अर्थ पापबाट फर्कनुका साथै परमेश्वरको अघि पापलाई स्वीकार गर्नु हो ।)*

# किन बलिदानको आवश्यकता पर्छ ?

अनि त्यसले होमबलिको टाउकामाथि आफ्नो हात राखोस् र त्यो त्यसको प्रायश्चितको लागि ग्रहणयोग्य हुनेछ । किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ । मैले रगतचाहिँ वेदीमा तिमीहरूको प्रायश्चित गर्नलाई दिएको छु, किनभने त्यसमा प्राण भएको हुनाले रगतद्वारा प्रायश्चित गरिन्छ ।

*– लेवी १:४, १७:११*

साँच्चै, व्यवस्था अनुसार रगतले प्रायः सबै थोक शुद्ध पार्दछ र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।

*– हिब्रू ९:२२ ख*

तिमीहरूको पाठो खोटरहित होस्– पहिलो वर्षको पाठो । औ तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका निम्ति चिन्ह हुनेछ । जब म त्यो रगत देख्नेछु, तब तिमीहरूलाई चाहिँ छोडिदिनेछु र नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन ।

*– प्रस्थान १२:५ क, १३*

त्यसले भन्यो, "यी आगो र दाउरा ता छन्, तर होमबलिको थुमाचाहिँ खोई ?" अब्राहामले भने, "छोरा, परमेश्वरलेनै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ ।" तब ती दुवै सँगसँगै गए । अनि अब्राहामले तिनको पछिल्तिर एउटा भेडा झाडीमा सीङ्ग अल्झेर फँसेको देखे । अब्राहामले गएर त्यस भेडालाई ल्याए र तिनको छोराको सट्टामा त्यसैलाई होमबलि गरे ।

*– उत्पत्ति २२:७ ख ८ क, १३*

# येशू परमेश्वरले पठाउनुभएको थुमा हुनुहुन्छ

भोलिपल्ट यूहन्नाले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा ।" – *यूहन्ना १:२९*

परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो । ऊ थिचोमिचोमा पर्‍यो र उसलाई कष्ट थियो, तापनि उसले आफूलाई नम्र तुल्याएर आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमा र आफ्नो ऊन कत्रनेको सामु भेडा लाटो भएझैं उसले आफ्नो मुख खोलेन । – *यशैया ५३:६ ख, ७*

बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकैपल्ट महा – पवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो । तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ ।

– *हिब्रू ९:१२, २६ ख, २८ क*

तिमीहरू जान्दछौ कि आफ्ना पिता पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि तिमीहरू अब दाम तिरी छुट्याइएका छौ । सुन वा चाँदी जस्ता नाश हुने व्यर्थका थोकहरूद्वारा होइन, तर निष्खोट र निष्कलंक थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ ।

– *१ पत्रुस १:१८ क, १९*

किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो । – *हिब्रू ९:१४*

# उद्धार परमेश्वरबाट मात्र सम्भव छ

परमेश्वरको अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू निर्दोष ठहरिएका छन् । परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरुप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ ।

*– रोमी ३:२४, २५, क*

तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो यसकारण उहाँको रगतद्वारा निर्दोष ठहरिएका हुनाले झन् बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं । *– रोमी ५:८, ९*

हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस निर्दोष ठहरिँदैन, तर येशू ख्रीष्ट माथिको विश्वासद्वारा निर्दोष ठहरिन्छ । *– गलाती २:१६ क*

किनभने अनुग्रहले विश्वासद्वारा तिमीहरू बचाइएकाछौ र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो । कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ । *– एफिसी २:८, ९*

अरू कसैमा मुक्ति छैन, किनकि हामीले उद्धार पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन । *– प्रेरित ४:१२*

उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामीले उद्धार पाउँछौं ।

*– एफिसी १:७*

# येशूको जन्मबारे अघिबाटै घोषणा भएको थियो

छैठौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको शहरमा पठाउनुभयो । तिनी एउटी कन्ये केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको यूसुफ भन्ने एउटा मानिससँग भएको थियो । त्यस कन्याको नाउँ मरियम थियो । स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपा पात्र, तिमीलाई अभिवादन । परमप्रभु तिमीसँग हुनुहुन्छ ।" स्वर्गदूतले तिनलाई भने "नडराऊ मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकीछयौ ।

अब हेर, तिमीले गर्भधारण गर्नेछयौ र एउटा छोरो जन्माउनेछयौ  र तिमीले उहाँको नाउँ येशू राख्नेछयौ । उहाँ महान् हुनुहुनेछ र परमप्रधानको पुत्र कहलाइनुहुनेछ र उहाँको राज्यको अन्त्य हुनेछैन ।" मरियमले स्वर्गदूतलाई भनिन् "यो कसरी हुनसक्छ, किनकि मेरो पति छैन । "स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ र सर्वोच्चको शक्तिको छाया तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ । किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन ।" अनि मरियमले भनिन्, "हेर्नुहोस् म परमप्रभुकी दासी मलाई तपाईको वचन अनुसार होस् ।" तब स्वर्गदूत तिनीबाट बिदा भए ।

*– लूका १:२६–३८*

*(यस संसारमा यौन सम्पर्कविना जन्मेका व्यक्तिहरू आदम र ख्रीष्ट हुन् । आदमले यस संसारमा पाप ल्याए, तर येशूले पापमाथि विजय गर्नुभयो ।)*

# येशू वास्तवमा को हुनुहुन्छ ?

तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो । परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रि राख्ने वस्तु जस्तो ठान्नुभएन । तर आफैलाई रित्याइकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिस जस्तै भएर आफैलाई होच्याउनुभयो र क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । *– फिलिप्पी २:५ ख, ८*

पिता र म एकै हौं । पिताले पवित्र तुल्याएर संसारमा पठाउनुभएको व्यक्तिले "म परमेश्वरको पुत्र हूँ" भन्दा कसरी ईश्वर निन्दा हुन्छ ?

*– यूहन्ना १०:३०,३६*

(येशू ख्रीष्ट जो अनन्त वचन हुनुहुन्छ, उहाँ सधैं अस्तित्वमा हुनुहुन्छ । परमेश्वरले एक आश्चर्य कर्मद्वारा उहाँलाई कन्या मरियमको गर्भमा प्रवेश दिनुभयो । शारीरिक रूपले उहाँ मानिसको पुत्र हुनुहुन्छ भने आत्मिक रूपले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ । परमेश्वर र उहाँको वचन येशू ख्रीष्टमा भएको सम्बन्ध बारे बताउनलाई धर्मशास्त्रमा येशूलाई पुत्र भन्ने शब्द प्रयोग गरिएको छ ।)

यसकारण संसारमा आउनुहुँदा ख्रीष्टले भन्नुभयो, तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ । *– हिब्रू १०:५*

येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरको पुत्र ठहरिनुभयो । *– रोमी १:४*

# येशू अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ

हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छ, उहाँ स्वयं शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो ।

*– १ तिमोथी ३:१६ क*

किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा बास गर्दछ । *– कलस्सी २:९*

किनभने हाम्रा निम्ति एउटा पुत्र दिइएको छ । शासन उहाँको हातमा हुनेछ । उहाँको नाउँ उदेकका युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाइनेछ ।

*– यशैया ९:६*

येशूले तिनीहरूलाई भन्नुभयो, "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु ।" *– यूहन्ना ८:५८*

उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो । हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो । उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन ।*– यूहन्ना १:४, ९–१०*

किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ – मानिस, ख्रीष्ट येशू । उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो ।

*– १ तिमोथी २:५,६ क*

उहाँमा हाम्रो उद्धार अर्थात् पापको क्षमा छ । उहाँ अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ ।

*– कलस्सी १:१४, १५ क*

# बाइबल धर्मशास्त्र परमेश्वरको वचन हो

किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन् ।

*– २ पत्रुस १:२१*

जसरी उहाँले प्राचीन कालदेखिनै आफ्ना पवित्र अगमवक्ताहरूका मुखद्वारा बोल्नुभयो, उहाँको जातिलाई पाप क्षमाद्वारा उद्धारको ज्ञान प्रदान गर्नलाई । *– लूका १:७०, ७७*

परमप्रभुका आत्मा मद्वारा बोल्नुभएको छ र उहाँको वचन मेरो मुखमा छ । *– २ शमूएल २३:२*

मैले तिमीहरूलाई सुनाएको आज्ञा आफ्नो मनमा राख । *– व्यवस्था ६:६*

सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ । *– २ तिमोथी ३:१६*

अघि अघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्नसकौँ । *– रोमी १५:४*

"तिमीहरू भ्रममा परेकाछौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ ।"

*– मत्ती २२:२९ ख*

किनभने तपाईले आफ्नो वचन आफ्ना सारा नाउँमा श्रेष्ठ तुल्याउनुभएको छ ।

*– भजनसंग्रह १३८:२ ख*

# येशू परमेश्वरको वचन हुनुहुन्छ

उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो र उहाँको नाउँ "परमेश्वरको वचन" थियो । *– प्रकाश १९:१३*

आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । अनि वचन देहधारी हुनुभयो र हाम्रा बीचमा वास गर्नुभयो । *– यूहन्ना १:१, १४ क*

येशूले परमेश्वरलाई प्रकट गराउनुहुन्छ परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एकमात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ । *– यूहन्ना १:१८*

जुन परमेश्वरले "अध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस् । *– २ कोरिन्थी ४:६*

## *परमेश्वर येशूद्वारा बोल्नुहुन्छ*

पुरानो समयमा परमेश्वर हाम्रा पिता पुर्खाहरूसँग कैयौं किसिम र रीतिले अगमवक्ताद्वारा बोल्नुभयो । औ यी अन्तका दिनमा आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ, जसलाई उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, जसद्वारा उहाँले संसार पनि सृष्टि गर्नुभयो । *–हिब्रू १:१,२*

मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन । जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो ।

*– यूहन्ना १४:२४*

# लिखित र जीवित वचनको तुलना

## *बाइबल आत्मिक भोजन हो*

उहाँले भन्नुभएको कुरा मैले मेरो हृदयमा सञ्चय गरिराखेको छु । *– अय्यूब २३:१२ ख*

मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ । *– मत्ती ४:४ ख*

## *येशू स्वर्गबाटको रोटी हुनुहुन्छ*

स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हूँ । कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ र जुन रोटी म संसारको जीवनको लागि दिनेछु, त्यो चाहिँ मेरो देह हो । जीवनको रोटी म नै हूँ ।

*– यूहन्ना ६:५१, ४८*

## *हाम्रो मार्गलाई बाइबलले उज्यालो पार्छ*

तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो छ ।

*– भजनसंग्रह ११९:१०५*

तपाईंको वचनको अर्थले ज्योति चम्काउँछ, त्यसले निर्बोध मानिसहरूलाई समझ दिन्छ ।

*– भजनसंग्रह ११९:१३०*

## *येशू स्वर्गबाटको रोटी हुनुहुन्छ*

स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हूँ । कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्यो चाहिँ मेरो देह हो । म जीवनको रोटी हूँ । *– यूहन्ना ६:५१, ४८*

### *येशू संसारको ज्योति हुनुहुन्छ*

उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो । येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म संसारको ज्योति हूँ । मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।" *– यूहन्ना १:४, ८:१२*

### *बाइबलले फलदायी जीवन दिन्छ*

तर परमप्रभुको व्यवस्थामा नै त्यो प्रसन्न रहन्छ र दिनरात उहाँकै व्यवस्थामा त्यसले ध्यान दिन्छ । खोलाको धारको छेउमा रोपेको बोट जस्तै त्यो हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, जसको पात कहिल्यै ओइलाउँदैन र त्यसले जे गर्छ, त्यसमा त्यो सफल हुन्छ । *– भजनसंग्रह १:२, ३*

### *येशूले फलदायी जीवन दिनुहुन्छ*

ममा रहो र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी नै तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । दाखको बोट म हूँ तिमीहरू चाहिँ हाँगाहरू हौ । यदि कोही ममा रह्यो भने र म त्यसमा रहें भने त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ । – यूहन्ना १५:४,५

## धर्मशास्त्र बाइबलले येशू ख्रीष्टको बारेमा बताउँछ

तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ । मेरो विषयमा गवाही दिने धर्मशास्त्र हुन् । किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए । – यूहन्ना ५:३९, ४६

# परमेश्वरको वचन परिवर्तन हुँदैन

हे परमप्रभु तपाईंको वचन सदा–सर्वदा स्वर्गमा स्थिर रहेको छ । *– भजनसंग्रह ११९:८९*

तपाईंको वचनको सार सत्य छ र तपाईंको प्रत्येक न्याय – वचन सदाको निम्ति अटल रहन्छ । *– भजनसंग्रह ११९:१६०*

घाँस सुकिहाल्छ, फूल ओइलाइहाल्छ, तर हाम्रा परमप्रभुको वचन सधैंभरि अटल रहनेछ ।

*– यशैया ४०:८*

जबसम्म स्वर्ग र पृथ्वी लोप भएर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा बिन्दु टल्नेछैन ।

*– मत्ती ५:१८ ख*

धर्मशास्त्र भङ्ग हुनसक्दैन ।*– यूहन्ना १०:३५*

*मानिसले बाइबललाई थपघट गर्नसक्दैन*

जे जति कुराको आज्ञा मैले तिमीलाई दिएको छु, ती होसियारीसँग पालन गर र त्यसमा केही घटबढ नगर । *– व्यवस्था १२:३२*

उहाँका वचनहरूमा केही नथप्, नत्रता उहाँले तँलाई झूटो साबित गर्नुहुनेछ ।

*– हितोपदेश ३०:६*

अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ । *– प्रकाश २२:१९ ख*

सर–सल्लाह तुच्छ ठान्नेमाथि दुःख आइपर्छ । *– हितोपदेश १३:१३ क*

# परमेश्वरको योजना कसरी पूरा भयो

पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु । कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर आफ्नै इच्छाले आफ्नो प्राण लिन सक्दैन, तर आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्छु । आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरी लिने अधिकार पनि मसित छ ।

*– यूहन्ना १०:१७, १८ क*

येशूले जवाफ दिनुभयो, "तपाईलाई माथिबाट नदिइएको भए ममाथि तपाईको केहि अधिकार हुने थिएन ।" *– यूहन्ना १९:११ क*

तिमी के ठान्दछौ, के म आफ्ना पितालाई विन्ती गर्न सक्दिनँ र उहाँले तुरुन्तै स्वर्गदूतका बाह्र पल्टनभन्दा बढी स्वर्गदूतहरू मेरो निम्ति पठाइदिनुहुन्न र ? नत्रता यी कुरा यसरी हुनैपर्छ भनि धर्मशास्त्रमा लेखिएको कुरा कसरी पूरा हुने ? *– मत्ती २६:५३-५४*

"उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ" भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी अनुसार उहाँले यसरी पुरा गर्नुभयो ।

*– प्रेरित ३:१८*

परमेश्वरले ठहराउनु भएको निश्चित योजना र पूर्वज्ञान – अनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईहरूले क्रूसमा टाँगेर मार्नुभयो । *– प्रेरित २:२३*

# ख्रीष्टको मृत्युबारे प्रत्यक्ष दर्शीहरूको गवाही

तिनीहरूले उहाँसँग दुई जना डाकूहरू क्रूसमा टाँगे, एउटालाई उहाँको दाहिनेपट्टि र अर्कालाई उहाँको देब्रेपट्टि । धर्मशास्त्रको वचन यसरी पूरा भयो, "उहाँ अपराधीहरूसँग गनिनुभयो ।"

*– मर्कूस १५:२७,२८*

तब सिपाहीहरूले आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एकजनाका त्यसपछि अर्कोका, जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघिनै भइसकेको रहेछ र उहाँका खुट्टा भाँचेनन् । तर सिपाहीहरूमध्ये एकजनाले उहाँको कोखामा भालाले घोच्यो र तुरुन्तै रगत र पानी निस्क्यो । "उहाँको कुनै पनि हड्डी भाँचिने छैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए । अनि फेरी अर्को ठाउँमा धर्मशास्त्र भन्छ, जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन् ।

*– यूहन्ना १९:३२–३७*

अब मध्यान्हदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो । तब येशू फेरी ठूलो स्वरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो ... जमीन काँप्न लाग्यो र चट्टानहरू फुटे । जब कप्तान र तिनीसँग येशूलाई रुँग्नेहरूले भूकम्प र त्यहाँ भइरहेका घटना देखे, तब अति भयभीत भएर तिनीहरूले यसो भने, "साँच्चै यिनी परमेश्वरका पुत्र रहेछन् ।" *– मत्ती २७:४५, ५०–५१, ५४*

# येशूले मृत्युलाई जित्नुभयो

उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो । किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो । यीनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराको हामी सबै साक्षी छौं ।

*– प्रेरित २:२४, ३२*

किनकि छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएको लाई, अर्थात् शैतानलाई उहाँले नष्ट गरुन् र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई मुक्त गरिदिऊन् ।

*– हिब्रू २:१४,१५*

"ए मृत्यु, तेरो विजय कहाँ ? ए मृत्यु तेरो खील कहाँ ?" तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ ।

*– १ कोरिन्थी १५:५५, ५७*

जीवित चाहिँ म नै हूँ । म मरेको थिएँ, हेर म सदासवर्दाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन् ? *– प्रकाश १:१८*

अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ । उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो । *– २ तिमोथी १:८ ख, १०*

अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन ।

*– रोमी ६:९ ख*

# येशूसँग हामीले के गर्नुपर्छ ?

हेर, म ढोकामा उभिएर ढकढक्याउँछु । कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ । *– प्रकाश ३:२०*

जसले कर्म चाहिँ गर्दैन, तर भक्तिहीनलाई निर्दोष ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ ।

*– रोमी ४:५*

पवित्र आत्मा लेओ । माग, अनि तिमीहरूको पाउनेछौ । यसरी तिमीहरूले आनन्द पूर्ण होओस् ।

*– यूहन्ना २०:२२ ख, १६:२४ ख*

किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । *– रोमी १०:९*

जसले मलाई भन्दा बढी आफ्ना बाबु वा आमालाई प्रेम गर्दछ त्यो मेरो योग्यको हुँदैन । तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउने छ । *– मत्ती १०:३७ क, १६:२४,२५*

# कसरी हामीले नयाँ जीवन पाउन सक्छौं ?

गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो र यो जीवन उहाँका पुत्रमा छ । जससँग पुत्र हुनुहुन्छ त्यससँग जीवन छ, जससँग परमेश्वरको पुत्र हुनुहुन्न त्यससँग जीवन हुँदैन । *– १ यूहन्ना ५:११,१२*

तर परमेश्वर जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो । यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो ।

*– एफिसी २:४,५*

म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।

*– गलाती २:२०*

पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ ।

*– रोमी ८:२*

यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ । *– २ कोरिन्थी ५:१७*

परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मिएका छौ । – १ पत्रुस १:२३

# परमेश्वर आफ्ना मानिसहरूका पिता हुनुहुन्छ

परमेश्वर आफ्नो परमधाममा टुहुराका बाबु र विधवाहरूका न्यायकर्ता हुनुहुन्छ ।

*– भजनसंग्रह ६८:५*

तर अब हे परमप्रभु, तपाईं हाम्रा पिता हुनुहुन्छ । हामी माटो मात्र हौं र तपाईंचाहिँ कुमाले हुनुहुन्छ । हामी सबै तपाईंका हातका कार्यहरू हौं । तपाईं हे परमप्रभु, हाम्रा पिता हुनुहुन्छ । तादीदेखिनै तपाईंको नाउँ हाम्रो उद्धारक हो ।

*– यशैया ६३:१६, ६४:८ ख*

यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ । तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर–

हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस् । *– मत्ती ७:११, ६:९*

"म तिमीहरूलाई ग्रहण गर्नेछु । म तिमीहरूका पिता हुनेछु र तिमीहरू मेरो छोराछोरीहरू हुनेछौ," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ । *– २ कोरिन्थी ६:१७ ख, १८*

किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन् । *– रोमी ८:१४*

# परमेश्वरलाई कसरी पिताको रूपमा चिन्छौ ?

येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन मै हूँ मद्वारा बाहेक अरु कोहीद्वारा पिताकहाँ जान सक्दैन । तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ । अब उप्रान्त उहाँलाई चिन्छौ र उहाँलाई देख्नेछौ । "येशूले तिनलाई जवाफ दिएर भन्नुभयो । जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ र मेरो पिताले त्यसलाई प्रेम गर्नुहुनेछ र हामी त्यसकहाँ आउनेछौं र त्यससँग बास गर्नेछौ ।

*– यूहन्ना १४:६, ७, २३ ख*

परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । ताकि हामी पुत्रको हक प्राप्त गर्नसकौ । तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता" भनेर पुकार्नुहुन्छ । यसैकारण परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ तर पुत्र हौ र पुत्र हौ भने उत्तराधिकारी पनि हौ । किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ ।

*– गलाती ४:४, ख ५ ख– ७, ३:२६*

तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।

*– यूहन्ना १:१२*

कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो एक सहायक हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट ।

*– १ यूहन्ना २:१ ख*

# येशूले प्रेम, आनन्द र शान्ति ल्याउनुहुन्छ

प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ । औ हामीमा भएको परमेश्वरको प्रेम हामी जान्दछौं र पत्यार गर्दछौं । परमेश्वर प्रेम हो र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ र परमेश्वर त्यसमा रहनुहुन्छ ।

*– १ यूहन्ना ४:८, १६ ख*

जसरी परमेश्वरले ख्रीष्टमा तिमीलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एउटा अर्काप्रति कोमल मनका र दयालु होओ ।

*– एफिसी ४:३२*

यदि तिमीहरूले एकअर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन् कि तिमीहरू मेरा चेलाहरू हौ ।

*– यूहन्ना १३:३५*

तर आत्माको फलचाहिँ – प्रेम, आनन्द, शान्ति हुन् ।

*– गलाती ५:२२ क*

म परमप्रभुमा रमाहट गर्नेछु, म मेरो उद्धार गर्नुहुने परमेश्वरमा रमाउनेछु ।

*– हबकूक ३:१८*

तपाईंले मलाई जीवनको मार्ग देखाउनुहुनेछ । तपाईंकै उपस्थितिमा, आनन्दको भरपूरी छ । तपाईंको दाहिने बाहुलीमा सदा सर्वदाको निम्ति सुख छ ।

*– भजनसंग्रह १६:११*

शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस् ।

*– यूहन्ना १४:२७*

# येशूले उहाँका आफ्ना सच्चा चेलाहरूको पुनरुत्थान गर्नुहुन्छ

तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुने का आत्मा तिमीहरूमा बास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ ।

*– रोमी ८:११*

परमेश्वरले आफ्नो शक्तिले प्रभुलाई जीवित पार्नुभयो र हामीलाई पनि उहाँको शक्तिद्वारा जीवित पार्नुहुनेछ । *– १ कोरिन्तथी ६:१४*

किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु । *– यूहन्ना ६:४०*

येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हूँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन ।

*– यूहन्ना ११:२५, २६ क*

किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो । किनकि जसरी आदममा सबै मर्दछन्, त्यसैगरी ख्रीष्टमा सबै जीवित पारिन्छन् । तर हरेक आ-आफ्नै क्रमअनुसार – ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू । *– १ कोरिन्थी १५:२१–२३*

म जीवित भएको हुनाले तिमीहरू पनि जीवित रहनेछौ । *– यूहन्ना १४:१९ ख*

# यो महान् मुक्तिलाई बेवास्ता नगर्नुहोस्

मोशाको व्यवस्था उल्लङ्घन गर्ने मानिसलाई दुई वा तीन साक्षीहरूका गवाहीमा दयाबिना मारिन्छ । तिमीहरू आफैं विचार गर परमेश्‍वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कति बढी कडा दण्डको योग्य ठहरिनेछ ।

*– हिब्रू १०:२८, २९*

मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछन् ।

*– यूहन्ना १२:४८*

मैले तिमीलाई भने, तिमीहरू आफ्ना पापमा मर्नेछौ, किनभने म उही हूँ भनेर तिमीहरूले विश्‍वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ ।

*– यूहन्ना ८:२४*

मेरा मित्र हो, म तिमीहरूलाई भन्दछु, तिनीहरूदेखि नडराओ जसले शरीरलाई मार्दछन् तर त्यसपछि अरु केही गर्न सक्दैनन् । तर कोदेखि डराउनुपर्छ, म तिमीहरूलाई चेताउनी दिनेछुः तिनैसँग डराउनुपर्छ जससँग शरीरलाई मारेपछि नरकमा फालिदिने शक्ति छ । म तिमीहरूलाई भन्दछु, तिनीदेखि डराओ । *– लूका १२:४,५*

तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी बाँच्न सक्नेछौं ?

*– हिब्रू २:३ क*

# येशू ख्रीष्टले हामीहरूको न्याय गर्नुहुन्छ

किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएको एकजना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ । *– प्रेरित १७:३१*

किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ, ताकि सबैले पुत्रको आदर गरुन्, जसरी तिनीहरूले पिताको आदर गर्छन् । पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन । *– यूहन्ना ५:२२,२३ क*

किनकि हामी सबै ख्रीष्टका न्याय आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ । *– २ कोरिन्थी ५:१०*

यो त्यसदिन हुनेछ, जब परमेश्‍वरले मैले प्रचार गरेको सुसमाचार अनुसार येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ । *– रोमी २:१६ क*

जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्‍वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ । *– २ थिस्सलनीकी १:७ ख, ८*

तर मैले तिनीहरूमाथि राज गरेको नचाहने मेरा ती शत्रुहरूलाई यहाँ ल्याओ र तिनीहरूलाई मेरै सामुन्ने मार । *– लूका १९:२७*

# कस्ता मानिसहरू ख्रीष्टका चेला हुन सक्दैनन्

तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भने त्यो उहाँको हुँदैहोइन । *– रोमी ८:९ ख*

मेरा मानिसहरू आउनेछन् र तेरो अघि बस्नेछन् तैंले भनेको कुरा तिनीहरूले सुन्नेछन्, तर त्यस बमोजिम गर्नेछैनन् । साह्रै राम्रो कुरा रहेछ, भनी तिनीहरूले भन्नेछन्, तर तिनीहरूको हृदय भने आफ्नै स्वार्थको पछि हुन्छ ।

*– इजकिएल ३३:३१ ख*

यस जातिले आफ्ना ओठले मेरो सम्मान गर्दछ, तर तिनीहरूको हृदय मबाट टाढा छ ।

*– मत्ती १५:८*

मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्, स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्नेछन्, प्रभु, प्रभु, के हामीले तपाईको नाउँमा अगमवाणी बोलेनौं ? तपाईको नाउँमा भूतहरू धपाएनौं र तपाईंको नाउँमा शक्तिशाली काम गरेनौं र ? अनि म तिनीहरूलाई सफासँग भन्नेछु, मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन । ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ । *– मत्ती ७:२१-२३*

यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौं ।

*– मत्ती २३:२८*

# येशूका सच्चा चेलाहरूले उहाँको आज्ञापालन गर्छन्

यदि हामीले उहाँको आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं । *– १ यूहन्ना २:३*

म मेरो आत्मा तिमीहरूमा हालिदिनेछु र तिमीहरूलाई मेरा नियमहरू पालन गर्ने, मेरा व्यवस्था मान्ने र तिनैद्वारा तिमीहरू जीवित रहने तुल्याउनेछु । *– इजकिएल ३६:२७*

सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरू सबैको निम्ति उहाँ अनन्त उद्धारको श्रोत बन्नुभयो ।

*– हिब्रू ५:९*

तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ । *– रोमी ६:१८*

किनकि असल काम गर्नको निम्ति ख्रीष्ट येशूमा हामी सृजना गरिएका उहाँका हातको सीप हौं, हामी ती बमोजिम हिंडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।

*– एफिसी २:१०*

यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् । किनकि पाप स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने तिमीहरू जिउनेछौ । *– रोमी ८:१०,१३*

प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढै रहोस् । *– २ तिमोथी २:१९ ख*

# येशूका चेलाहरूलाई संसारले घृणा गर्छ

यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान कि तिमीहरूलाई घृणा गर्नु अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो । तर तिमीहरू यस संसारका होइनौ । तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ ।

*– यूहन्ना १५:१८,१९*

वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ । तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, मलाई पनि चिन्दैनन् ।

*– यूहन्ना १६:२ ख, ३*

हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलाइएकाहरू हौं र साँच्चै हौं पनि । यसैकारण त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन ।

*– १ यूहन्ना ३:१*

धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भनें ।

*– प्रेरित १४:२२ ख*

खीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन् ।

*– २ तिमोथी ३:१२*

संसारमा तिमीहरूलाई संकष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।

*– यूहन्ना १६:३३ ख*

# सताइएकाहरूलाई प्रतिज्ञा

तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ ।

*– १ पत्रुस ५:७*

नडरा, किनकि म तँसित छु । निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु, म मेरो धार्मिकताको दाहिने हातले तँलाई सम्हाल्नेछु ।

*– यशैया ४१:१०*

किनकि मेरा बाबु र मेरी आमाले मलाई त्यागेका छन्, तर परमप्रभुले मलाई सम्हाल्नुहुनेछ ।

*– भजनसंग्रह २७:१०*

यसकारण निर्धक्क भएर हामी भन्दछौं, 'प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउने छैनँ, मानिसले मलाई के गर्नसक्छ ?'

*– हिब्रू १३:६*

यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने ता तिमीहरू धन्यका हौ । किनभने महिमाको आत्मा र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ ।

*– १ पत्रुस ४:१४ क*

घोर अन्धकारमा मैले हिँड्नु परे तापनि, म कुनै खतरादेखि डराउनेछैनँ । किनकि तपाई मेरो साथमा हुनुहुन्छ । तपाईको लट्ठी र तपाईको लौरो, तिनैले मलाई सान्त्वना दिन्छन् ।

*– भजनसंग्रह २३:४*

जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमानै म सबै कुरा गर्नसक्छु । उहाँको सम्पत्ति अनुसार मेरा परमेश्वरले तिमीहरूको हरेक खाँचो पूरा गरिदिनुहुनेछ ।

*– फिलिप्पी ४:१३, १९*

# पाप र शैतानमाथि विजय

मानिसलाई आईपर्ने परीक्षा बाहेक तिमीहरू अरु परीक्षामा परेका छैनौं । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ । यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ ।

*– १ कोरिन्थी १०:१३*

यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक जाऔं र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्नसकौं । *– हिब्रू ४:१६*

तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एउटा अर्कासित हाम्रो संगति हुन्छ र उहाँका पुत्र येशूको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ । *– १ यूहन्ना १:७*

यसकारण जवानीका अभिलाषाहरू त्याग र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख ।

*– २ तिमोथी २:२२*

यसैकारण तिमीहरूले पनि आफू –आफूलाई पापको लागि मरेका, तर ख्रष्टि येशूमा परमेश्वरका लागि जीवित भएका ठान्नुपर्छ । *– रोमी ६:११*

यसकारण परमेश्वरको अधीनमा बस, शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट भाग्नेछ । *– याकूब ४:७*

# साँचो प्रार्थना परमेश्वरसँगको संगति हो

जब तपाईले भन्नुभयो, "मेरो दर्शनको खोजी गर् ।" मेरो हृदयले तपाईलाई भन्यो, "हे परमप्रभु, तपाईको दर्शनको खोजी म गर्नेछु ।" मानिस हो, हर बखत उहाँमानैं भरोसा गर, उहाँको सामने आफ्नो हृदयको दुःख पोखाओ, परमेश्वर हाम्रा निम्ति शरणस्थान हुनुहुन्छ ।

*– भजनसंग्रह २७:८, ६२:८*

हे परमप्रभु, मलाई निको पार्नुहोस् र म निको हुनेछु, मलाई बचाउनुहोस् र म बाँच्नेछु, किनभने मेरो प्रशंसा तपाई नै हुनुहुन्छ । *– यर्मिया १७:१४*

निरन्तर प्रार्थना गरिरहो, सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो ।

*– १ थिस्सलोनिकी ५:१७,१८*

तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो दिइनेछ । *– याकूब १:५*

मैले परमप्रभुको खोजी गरें र उहाँले मलाई जवाफ दिनुभयो र मलाई मेरा सबै डरहरूबाट छुटाउनुभयो । *– भजनसंग्रह ३४:४*

यदि मैले मेरो मनमा अधर्म लिएको छु भने, परमेश्वरले सुन्नुहुनेछैन । हे परमप्रभु तपाईको नाउँको खातिर, मेरो अधर्म क्षमा गर्नुहोस्, किनकि त्यो ठूलो छ । *– भजनसंग्रह ६६:१८, २५:११*

# येशू ख्रीष्ट चाँडै आउँदैहुनुहुन्छ - तयार हुनुहोस्

किनकि प्रभु स्वयम् हुकुमहरूको गर्जनसहित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ र ख्रीष्टमा मरेकाहरू चाहिँ पहिले बौरी उठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाई लगिनेछौं र यसरी हामी सधैं प्रभुसँग रहनेछौं ।

*- १ थिस्सलोनिकी ४:१६, १७*

यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदै जाऔं । *- २ को. ७:१*

साना बालकहरू, उहाँमा रहिरहो, ताकि उहाँ प्रकट हुनुहुँदा, हामीमा हिम्मतहोस् र उहाँको आगमनमा उहाँको सामुन्ने हामीलाई सर्माउन नपरोस् ।

*- १ यूहन्ना २:२८*

तिमीहरूले पनि धैर्य धारण गर, आफ्नो हृदयलाई स्थिर गराओ, किनभने प्रभुको आगमन नजिकै छ । हे भाइ हो, दोषी नठहरिनका निम्ति तिमीहरू एउटाले अर्काको विरुद्धमा नगनगनाऊ, हेर इन्साफ गर्ने ढोकामै हुनुहुन्छ । *- याकूब ५:८, ९*

तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ ।

*- लूका १२:४०*

# पवित्र आत्माले भरिनुहोस्

तिमीहरूले मेरो चेतावनीलाई सुनेको मात्र भए, म मेरो सल्लाह तिमीहरूलाई दिनेथिएँ र मेरो आदेश तिमीहरूलाई सिकाउनेथिएँ ।

*– हितोपदेश १:२३*

पत्रुसले तिनीहरूलाई भने, "पश्चाताप गर र तिमीहरूका पाप – क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको बरदान पाउनेछौ ।"

*– प्रेरित २:३८ ख*

दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ, एउटाले अर्कोसँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै सधैँ सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ । ख्रीष्टको श्रद्धामा एउटा अर्काको अधीनमा बस ।

*– एफिसी ५:१८, २१*

किनकि तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ ।

*– फिलिप्पी २:१३*

के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा बास गर्नुहुन्छ ? तिमीहरू मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर ।

*– १ कोरिन्थी ३:१६, ६:२०*

प्रिय पाठकवर्ग, येशू ख्रीष्टले "म संसारको ज्योति हूँ" भन्नुभयो । संसारका सबै देशका मानिसहरुले आफ्नो अँध्यारो मन र हृदयमा उहाँबाट उज्यालो पाइराखेका छन् । यसैकारण अँध्यारोमा नबस्नुहोस् । पूरा हृदयले उहाँमाथि विश्वास गर्नुहोस् । यदि तपाईं पनि पाप र अधर्मबाट छुटकारा चाहनुहुन्छ भने यो तल साधारण प्रार्थना विश्वाससाथ गर्नुहोस् र प्रभु येशू ख्रीष्टलाई मुक्तिदाताको रुपमा आफ्नो जीवनमा ग्रहण गर्नुहोस् -*"प्रभु येशू, तपाईं मेरो निम्ति मर्नु भएको हो भनी विश्वास गर्दछु । मेरो पाप क्षमा गर्नुभएको लागि धन्यवाद । तपाईं मेरो जीवन भित्र आउनुहोस् र मलाई नयाँ जीवन दिनुहोस् । मेरो प्रार्थना सुन्नु भएकोलागि धन्यवाद । प्रभु येशूको नाममा यो प्रार्थना चढाउँछु - आमेन् ।"*

परमेश्वरलाई धन्यवाद छ । येशू ख्रीष्ट तपाईंको जीवनमा हुनुहुन्छ, अनि उहाँले तपाईंलाई कहिल्यै छोड्नुहुन्न (हिब्रू १३:५) । अरु जानकारीको लागि प्रकाशक अथवा तल उल्लेखित ठेगानामा पत्र व्यवहार गर्नुहोस् -

Read booklets online or by App
www.wmp-readonline.org

www.wmpress.org

5-21

1576/2 Nepali HKG